PAN No.: 302625387
Regd. No.: 314953/79/080

# Suryakunda Hydro Electric Limited
# सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड

च.नं. १६। २०८३।०८४

मिति २०८३.०५.१५

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री विद्युत निमयन आयोग
सानो गौचरण, काठमाण्डौ ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री विद्युत विकास विभाग
सानो गौचरण, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

**विषयः राष्ट्रिय प्रसारण लाईन क्षतिग्रस्त भएका कारण आयोजना सञ्चालन बन्द रहेको सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा मिति २०८३/०४/११ गते जिल्ला नुवाकोट, सूर्यगढी गा.पा.को वडा नं. २ लच्याङ्ग स्थानमा गएको पहिरोका कारण त्रिशुली 3B हबबाट समुन्द्रटार सवस्टेशनसम्म जडान भई संचालनमा रहेको १३२ के.भि. प्रसारण लाईन क्षति भएको र आयोजना संचालन अवरुद्ध रहेको अवस्थामा उक्त प्रसारण लाईनको मर्मत सम्भारको कार्य अन्तिम चरणमा रहि संचालन हुने क्रममा मिति २०८३/०५/१० गते भोटेकोशीमा आएको भिषण बाढीका कारण त्रिशुली नदीको तटीय स्थानमा रहेको नेपाल विद्युत् प्राधिकरणको त्रिशूली-३ बी हव (Trishuli 3B Hub) पूर्ण रूपमा क्षतिग्रस्त भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

उक्त प्राकृतिक विपद्का कारण हाम्रो आयोजनामा कुनै क्षति नभएतापनि नेपाल विद्युत् प्राधिकरणको त्रिशूली-३ बी हव पूर्ण रूपमा क्षतिग्रस्त भई विद्युत् प्रसारण/निकासीमा अवरोध उत्पन्न भएकोले आयोजना सञ्चालन बन्द रहने जानकारी निवेदन गर्दछु ।

राष्ट्रिय प्रसारण लाईनको वैकल्पिक व्यवस्था वा हबको पुनःस्थापना गरी विद्युत् प्रसारण प्रणाली सामान्य अवस्थामा आएपछि आयोजना पुनः सञ्चालनमा आउने जानकारी समेत निवेदन गर्दछु । यस सम्बन्धमा थप प्रगति तथा प्लान्ट पुनः सञ्चालनको अवस्थाबारे आवश्यक जानकारी समयमै गराइने निवेदन गर्दछु ।
धन्यवाद।

भवदीय,

Siddharth

..............................

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड